सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

**वडा दसैंको शुभकामना**

विजया दशमीको सुखद अबसरमा हाम्रा तमाम विद्वान पाठक, लेखक, विज्ञापनदाता, सहयोगी, शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकाना। साथै खबर दर्पणको अगामी अंक कार्तिक १ गते मात्र प्रकाशित हुने जानकारी गराईन्छ।

खबर दर्पण परिवार

♦ वर्ष ८ ♦ अंक ७४ ♦ २०८१ साल कार्तिक १ गते विहिवार ♦ 17 Oct 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## प्रहरी प्रशासनलाई थप दक्ष बनाउनु आवश्यक : मुख्यमन्त्री सिंह



**खबर दर्पण समाचारदाता**

**असोज ३० गते, जनकपुरधाम**

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले प्रहरी प्रशासनलाई थप दक्ष बनाउनु आवश्यक रहेको बताएका छन्।

६९ औं प्रहरी दिवसका अवसर मा मधेश प्रहरी कार्यालय जनकपुरधामद्वारा आयोजित कार्यक्रममा मुख्यमन्त्री सिँहले कानुन कार्यान्वयनसँग सम्बद्ध धेरैवटा कामको जिम्मेवारी नेपाल प्रहरीको काँधमा रहेकाले थप व्यवसायिक संगठनका रूपमा स्थापित गर्नकालागि दक्ष जनशक्ति तथा आधुनिक प्रविधिको खाँचो रहेको बताए। उनले प्रदेश सरकारले मधेश प्रदेशका विभिन्न प्रहरी ईकाइलाई सबल बनाउन भौतिक पूर्वाधार विकास तथा विभिन्न आवश्यक सामग्री उपलब्ध गराएर साधनस्रोत सम्पन्न बनाउने प्रयास गर्दै आएको जानकारी समेत दिए।

उनले सीमित साधनस्रोतका बाबजुद पनि नेपाल प्रहरीले शान्तिसुरक्षा व्यवस्थापन, अपराध अनुसन्धान तथा कानुन कार्यान्वयन लगायतका काममा देखाउँदै आएको क्रियाशीलताको सराहना गरे।


उनले केही दिनअघि देशसँगै मधेश प्रदेशमा समेत आएको बर्खाबाढी र डुवानका बेला र ज्यका अन्य निकायसँगै नेपाल प्रहरीले समेत तत्काल तत्परता देखाएकाले थप क्षति रोक्न सफल भएको चर्चा गर्दै नेपाल प्रहरीका कामको विविधीकरण मात्र नभई विशिष्टीकरणसमेत हुनुपर्नेमा जोड दिए।

मधेश प्रदेश प्रहरीका प्रहरी नायब महानिरीक्षक लालमणि आचार्यले नेपाल प्रहरीले पुर्याएको योगदानबारे चर्चा गरेका थिए।

कार्यक्रममा प्रदेशको गृह, सञ्चार तथा कानुन मन्त्रालयका सचिव वीरेन्द्रकुमार यादव, नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष राजेशकुमार कर्ण लगायतका व्यक्तिहरूले आ-आफ्ना धारणाा राखेका थिए। विस २०१२ मा ऐन आएपछि नै नेपाल प्रहरी ऐनमा लालमोहर लागेको दिनलाई प्रहरी दिवसका रूपमा मनाइन्छ। विसं २०१२ मा नेपाल प्रहरी ऐन आएको थियो। नेपाल प्रहरीले २०५२ सालदेखि स्थापना दिवस मनाउँदै आएको छ।

## महोत्तरीमा स्रोत नखुलेको रकम सहित एक पक्राउ





**खबर दर्पण समाचारदाता**

**असोज ३० गते, बर्दिवास**

महोत्तरी प्रहरीले स्रोत नखुलेको रकम सहित एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा सम्सी गाउँपालिका-७ का २८ वर्षीय रामस्नेही साह रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता सन्तुलालप्रसाद जैसवारले बताए।

जिल्लाको जलेश्वर-सम्सी सडकखण्डको भोल्ही चोकबाट बुधवार दिउँसो साहलाई प्रहरीले स्रोत नखुलेको आठ लाख पाँच हजार पाँच सय नगदसहित पक्राउ गरेको हो।

बीआर ३० एएफ ३८७६ भारतीय नम्बरको मोटर साईकलमा चढेर मनरासिश्वा नगरपालिका-२ स्थित भोल्ही चोक जाँदै गरेका साहलाई प्रहरी टोलीले शङ्का लागि चेक जाँच गर्दा निजले लुकाएर बोकेको अवस्थामा उक्त रकम बरामद गरेको प्रहरीले जनाएको छ।

साहले शरीरका विभिन्न भागमा लुकाएर बोकेको अवस्थामा एक हजार दरका नोट आठ सय एक थान र पाँच सयका नोट नौ थान बरामद गरेको हो।

पक्राउ परेका साह र मोटर साईकल नियन्त्रणमा लिइ थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

## हत्या गरेको आरोपमा एक युवक पक्राउ

**खबर दर्पण समाचारदाता**

**असोज ३० गते, जनकपुरधाम**

सिरहाको गोलबजार नगरपालिका-१३, दुर्गापुरका २० वर्षीय कृष्णकुमार महराको हत्या गरेको आरोपमा प्रहरीले एक युवकलाई पक्राउ गरेको छ।

कृष्णकुमारको शव सोमबार सुखीपुर नगरपालिका-१० ललसैया दुर्गा मन्दिर नजिकैको गागन खोला बगरमा फेला परेको थियो। उनको शव बालुवाले पुरीएको अवस्थामा भेटिएको थियो, जसका कारण हत्या भएको आशंका गरिएको छ।

सिरहा जिल्ला प्रहरी कार्यालयका डीएसपी बीरेन्द्रकुमार पासवानका अनुसार सुखीपुर नगरपालिका-७ का १९ वर्षीय सिकिन्दर मुखियालाई हत्या आरोपमा पक्राउ गरिएको छ।

प्रारम्भिक अनुसन्धान अनुसार कृष्णकुमार र सिकिन्दरबीच विवाद रहेको सूचनाका आधारमा सिकिन्दर लाई पक्राउ गरिएको हो।


प्रहरी स्रोतका अनुसार कृष्णकुमार को घाँटीमा धारिलो हतियारको चोट देखिएको छ, जसले हत्या भएको सम्भावनालाई थप पुष्टि गर्दछ। शवको अवस्था र घट्नास्थलको प्रकृति हेर्दा यो हत्या भएको संकेत पाइन्छ। शवको पोस्टमार्टम रिपोर्ट आएपछि थप अनुसन्धान र कानूनी प्रक्रिया अघि बढाइने डीएसपी पासवानले जानकारी दिए।

कृष्णकुमार २७ असोजको साँझ दुर्गा मेला हेर्न गएका थिए, त्यसपछि उनी हराइरहेका थिए। स्थानीय प्रत्यक्षदर्शीका अनुसार सोही साँझ सिकिन्दरले उनलाई लखेटेर कुटपिट गरेका थिए।

**शिरीष अफसेट प्रेस**

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प





✓फलेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# मैथिली र नेपाल भाषामा सुरु भएको समाचार सेवाको लागि सबै क्षेत्रबाट स्वागत

**खबर दर्पण समाचारदाता**

**असोज ३० गते, बर्दिवास**

राष्ट्रिय समाचार समिति ( रासस)ले मंगलवार (असोज २९ गते)देखि मैथिली र नेपाल भाषाको समाचार सेवाको परीक्षण शुभारम्भ गरेको छ ।

राससले नेपाल दोश्रो बढी बालिने भाषाको रुपमा रहेको मैथिली भाषामा सुरु गरेको समाचार सेवाको निणर्यलाई मधेस प्रदेशमा निकै सरहानीय र खुशीयाली व्यक्त गरिएको छ। राससको यस नयाँ थालिनीलाई यहाँ स्थित विभिन्न संघसंस्थाहरुले विज्ञप्ती प्रकाशित गरी स्वागत गरेको छ।

मधेस प्रदेशको राजधानी जनकपुर धाम स्थित मिथिला नाट्यकला परिषद(मिनाप)ले राससको यस ऐतिहासिक कार्यको स्वागत गरेको छ। मिनापका महासचिव शैलेन्द्र मल्लिकले राससको यस कार्यको स्वागत गर्दै यसरी नै मैथिली भाषा र संस्कृतिको विकासमा राससले आफ्नो योगदान पुर्याओस् भनेर शुभकामना व्यक्त गर्नुभएको छ।

त्यसैगरी मैथिली विकास कोषका अध्यक्ष जिवनाथ चौधरीले राससले ६३ बर्षको ईतिहासमा नयाँ ईतिहास लेखेको बताउनुभएको छ । उहाँले राससको यस ऐतिहासिक निणर्यले समावेशी लोकतन्त्रको पहरेदार बन्न कोशे ढुङ्गा सावित हुने विश्वास लिएको बताउनु भएको छ। उहाँले यस अघि सरकारी स्तरका रेडियो नेपाल, गोरखापत्र र नेपाल टेलिभिजनबाट विभिन्न भाषाका समाचार प्रकाशित भईरहेपनि राससले समाचार बैंक भएको र यसका समाचार देश विदेशका समाचारसंस्थाहरुले प्रयोग गर्ने भएको हुँदा यसको महत्व अत्यन्तै बढी हुने बताउनुभयो ।

राजविराज स्थित मैथिली साहित्य परिषदका अध्यक्ष अवधेशकुमार झाले राससको यससार्थक प्रयासले मैथिली अभियानको लागि बुलेटिन प्रकाशन कार्य महत्वपूणर् कडी साबित हुने विश्वास व्यक्त गर्नुभएको छ।

मैथिलीका प्राध्यापक तथा वरिष्ठ पत्रकार श्यामसुन्दर शशीले राससको यस निणर्यलाई स्वागत गर्दै रासस टिमलाई बधाई दिनुभएको छ । उहाँले राससको यस ऐतिहासिक सुरुवातलाई सफल बनाउनको लागि मधेस प्रदेशका सबै मिडिया हाउसलाई मैथिली समाचारको लागि उपयोग र प्रयोग गर्न आग्रह गर्नुभएको छ। उहाँले भन्नुभयो, “राससको समाचारको गुणस्तरमा आँखा चिम्लेर विश्वास व्यक्त गर्न सकिन्छ, त्यसैले राससको यस प्रयासलाई सफल बनाउन यहाँ मिडिया हाउसहरुले अब ढुक्क भएर मैथिली समाचार प्रकाशन र प्रसारण गर्नलाई अप्ठ्यारो हुनेछैन।”

मधेस प्रज्ञा प्रतिष्ठानका अध्यक्ष रामभरोस कापडीले राससको यस ऐतिहासिक कदमलाई र ासस नेपालको आधिकारिक सरकारी समाचार संस्था मात्र नभई सबै जातजाति तथा भाषाभाषीको प्रतिनिधित्व हुने साझा समाचार संस्थाको रुपमा आफुलाई अब्बल साबित गर्न सफल भएको बताउनुभएको छ। उहाँले भन्नुभयो, “नेतृत्वले चाहदा के सम्म गर्न सकिदो रहेछ, घाम जत्तिकै छर्लङ्ग भएको छ । नेतृत्वको यो दुरदर्शिता र भिजन प्रती हामी मैथिली अभियानीहरु कृतज्ञ छौँ ।”

उहाँले समाबेसी र सहभागिमुलक साशन ब्यवस्थामा स्थानिय जनताहरूको सेवामा समर्पित संचार र सूचनाहरू आफ्नै भाषावाट थाहा पाउनु मौलिक अधिकार भित्र कै विषय भएको पनि राससको यो कदम अन्यन्तै प्रशंसा योग्य भएको बताउनुभयो । उहाँले रासस अहिले सही अर्थमा सम्पूणर् नेपालीको समाचार संस्था बन्ने तर्फ अग्रसर भएको बताउँदै सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

त्यसैगरी नेवाः दय् दबू, केन्द्रिय समितिले समेत एक विज्ञप्ती प्रकाशित गरी नेपाल र मैथिली भाषामा राससले सुरु गरेको समाचारको लागि स्वागत र बधाई ज्ञापन गरेको छ।

समितिका अध्यक्ष पवित्र बज्राचार्यले जारी गरेको विज्ञप्तीमा नेपालको एक मात्र सरकारी समाचार एजेन्सी राष्ट्रिय समाचार समिति (रासस) ले नेपालभाषा र मैथिली भाषामा पनि समाचार बुलेटिन प्रकाशन गर्न शुरु गरेकोमा राससका वर्तमान नेतृत्व एवं सम्पूर्ण रासस परिवारलाई हार्दिक धन्यवाद व्यक्त गर्न गरिएको छ।



विज्ञप्तीमा उल्लेख छ, “समावेशी समाज निर्माण गर्ने अठोटका साथ मुलुकमा स्थापना भएको संघीय लोकतान्त्रिक गणतन्त्रलाई स्थायित्व प्रदान गर्ने क्रममा राससले शुरु गरेको यो कार्यले पनि ठोस योगदान गर्ने विश्वास गर्न सकिन्छ। नेपाल एक बहुभाषिक मुलुक भएको नाताले बहुभाषिकता हाम्रो विशेषता र राष्ट्रियताको आधार पनि हो। यही बहुभाषिकता बीच राष्ट्रिय एकता कायम गर्नु हाम्रो दायित्व पनि हो । राससको यो कदमले उक्त दायित्व निर्वाह गर्ने क्रममा एक कोशेढुंगा स्थापना गरेको छ। यसले मुलुकमा बहुभाषिक पत्रकारिताको विकास गर्न ऐतिहासिक योगदान गर्ने निश्चित छ। राससबाट यसरी नै अन्य राष्ट्रिय भाषाहरूमा पनि क्रमशः बुलेटिन प्रकाशन गर्दै लाने विश्वास लिंदै नेपाल भाषा र मैथिली भाषाबाट बुलेटिन प्रकाशन गरिएकोमा पुनः आभार प्रकटका साथै यसको सफलता र निरन्तरताको लागि शुभकामना व्यक्त गर्दछौं ।”

रासस यस अघि गत माघदेखि स्थानीय ‘अवधी’ भाषा समाचार सेवा सञ्चालन गरिसकेको छ। संविधानमा व्यवस्था भएअनुरूप र राससले समावेशी चरित्रका रूपमा मातृभाषामा समाचार सेवा दिन सुरू गरिसकेको छ ।

राससका कार्यकारी अध्यक्ष झाले संविधानको भावनाअनुरूप र राससलाई समावेशी बनाउने लक्ष्यका साथ थप दुई मातृभाषा मैथिली र नेपाल भाषा मा समाचार सेवा प्रारम्भ गरिएको बताउनुभयो । ‘राज्यको लगानी रहेको रासस मार्फत आम व्यक्तिका सूचना र जानकारी आम नागरिकले उनीहरूकै भाषामा बुझ्नेगरी समाचार एवं सूचनाहरू प्राप्त गर्ने अधिकारको सुनिश्चित हुनुपर्छ भन्ने हाम्रो सोच हो’, उहाँले भन्नुभयो, “त्यसआधारमा राससले मातृभाषामा समाचार सेवा सञ्चालनको जमर्को गरेको छ। नेपाल बहुभाषिक, बहुसांस्कृतिक देश हो । र, त्यसको प्रभाव निश्चित रूपमा पनि राससजस्तो राज्यद्वारा सञ्चालित समाचार संस्थामा पर्दछ, जनताका अपेक्षाहरू हामीसँग पनि छन् । जनताले खोजेको र चाहेकै भाषामा सूचना प्रवाह गर्नु हाम्रो प्राथमिकता हुनुपर्छ ।”-रासस

## भाग्य चक्र

**मेष** - मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । अपूरा कार्य पूर्ण हुनेछन्।

**वृष**- व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**मिथुन**-आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कर्कट** - प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**सिंह** - सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**कन्या** - समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**तुला** - लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**वृश्चिक** - सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ। सचेत एवं सावधान रहनु होला।

**धनु** - अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन।

**मकर** -समय अनुकुल छ। व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ। यात्रा हुने योग छ। अचल सम्पती जोर्न सकिन्छ ।

**कुम्भ**- अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्। उपहारआदी प्राप्त हुनेछ। उपहारआदी प्राप्त हुनेछ ।

**मीन** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# काठमाडौँ महानगरको धर्मशालामाथीको हस्तक्षेप रोक्न मारवाडी सेवा समिति जनकपुरधामको माग

**खबर दर्पण समाचारदाता**

**असोज ३० गते, जनकपुरधाम**



संघीय राजधानी पशुपति गौशाला धर्मशालाको सञ्चालन सम्बन्धी विवादको कारण तनाव उत्पन्न भएको छ ।

पशुपति विकास कोषले धर्मशाला सञ्चालनका लागि काठमाण्डु महानगर पालिकासँग करार गरेको छ ।

महानगरपालिकाका प्रहरीले धर्मशालाको मुख्य प्रवेशद्वारमा काठमाण्डु महानगरपालिका द्वारा सञ्चालित गौशाला धर्मशा काठमाण्डु जिल्ला अदालतको फैसलापछि पशुपति विकास कोषले करार रद्द भएको बताउँदै महानगरपालिकासित गौशाला धर्मशाला सञ्चालनको करार गरिएको दाबी गर्दै आएको छ । तर मारवाडी समुदायले अदालतको पूर्ण फैसला नआएसम्म महानगरपालिकाले हस्तक्षेप गर्न नहुने बताउँदै आएको छ ।

पशुपतिनाथको स्वामित्वको गौशाला धर्मशाला खाली गराउन बुधवार गएको काठमाण्डु महानगर प्रहरीको टोली रित्तो हात फर्किएको छ । नेपाल प्रहरीले महानगरको प्रहरीलाई धर्मशालाभित्र पस्न नदिएपछि उनीहरू महानगरको साइन बोर्ड लगाएर फर्किएका हुन् । काठमाण्डु महानगर पालिका र मारवाडी सेवा समिति आमनेसामने भएपछि गौशाला धर्मशालाको सुरक्षार्थ भारी संख्यामा नेपाल प्रहरी तैनाथ गरिएको छ । तनाव उत्पन्न भएदेखि नै गौशाला धर्मशालाको सेवा ठप्प भएको छ । बाहिरका सटरहरु बन्द छन् ।

भित्र कोठामा बस्ने आगन्तुकहरुलाई खाली गर इइएको छ । पशुपति गौशाला धर्मशालामा बासको सुविधा लिनेमा अधिकांश तराई मधेशका वासिन्दाहरु रहेका छन् । लामो समय सस्तोमा बास र भोजनको सुविधा उपलब्ध हुने गौशाला धर्मशालामा तराई मधेशका वासिन्दाहरु बस्ने गरेका छन् । त्यहाँबाट काठमाण्डुको प्राय: हरेक स्थानमा जाने सवारी साधन सहजै उपलब्ध गरेको छ ।

विदेशिने अथवा वैदेशिक र ोजगारबाट फर्किनेहरु गौशालामा बस्ने गरेका छन् । पशुपतिनाथको दर्शन गर्न र विमान स्थल पुग्न गौशाला धर्मशाला नजिकको वासस्थान छ । पर्याप्त कोठा र फराकिलो पार्किंग सुविधा भएको गौशाला धर्मशाला बन्द भएपछि दिनहुँ सयौँको संख्यामा मानिसहरु महँगा होटेलहरुमा बस्न बाध्य भएका छन् ।

गौशाला धर्मशालालाई मारवाडी सेवा समितिलाई नै सञ्चालनको जिम्मेवारी दिनुपर्ने माग गर्दै विभिन्न जिल्लाहरुबाट सरकार माथि दवाव दिन थालिएको छ । मारवाडी सेवा समिति जनकपुरधामले बुधबार धनुषाका प्रमुख जिल्ला अधिकारी रामुराज कडरियामार्फत प्रधानमनत्रीलाई ज्ञापन बुझाएको छ। समितिका अध्यक्ष निर्मल कुमार चौधरीको नेतृत्वमा समितिका पदाधिकारी लगायत विभिन्न संघसंस्थाका पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

समितिले बुझाएको ज्ञापनपत्रमा ८४ वर्ष पूर्व तत्कालीन प्रधानमन्त्री श्री ३ जुद्धशम्शेरले मारवाडीलाई उक्त जग्गा सेवा सञ्चालनका लागि उपलब्ध गराइएको थियो । २०६० साल जेठ १२ गते मारवाडी सेवा समितिले पशुपति विकास कोषसित पनि गौशाला धर्मशाला सञ्चालन सम्बन्धमा सम्झौता गरेको थियो । तर कोषले एकतर्फी रुपमा सम्झौता खारेज गरिदिएको छ । कोषको निर्णयपछि समितिले जिल्ला अदालत काठमाण्डुमा दिएको मुद्दामा वादीको दाबी नपुग्ने आदेश भएको हो ।

घटस्थापनाको अघिल्लो दिन अदालतको आदेश आएपछि कोजाग्रत पुर्णिमासम्म अदालत बन्द भएको उल्लेख गर्दै मारवाडी सेवा समिति जनकपुरधामका अध्यक्ष चौधरीले बुझाएको ज्ञापन पत्रमा अगाडि भनिएको छ , अदालतको फैसलाको पूर्ण पाठ नआउँदै कोषले महानगरपालिकासित करार गरी गौशाला धर्मशाला सञ्चालनको जिम्मा दिनु बदनियतपूर्ण रहेको छ ।

गौशाला धर्मशालाबाट कयौँ मानवीय सेवा नि:शुल्क रुपमा सञ्चालन हुँदै आएको र गौशाला धर्मशालाको आय कुनै मारवाडी व्यक्तिगत अथवा संस्थागत रुपमा नलिएको चौधरीले दाबी गरेका छन् । सहमति अनुसार मोहीले तिर्नुपर्न सम्पूर्ण कुतबाली समितिले तिरेकाले कोषले सम्झौता बदर गर्न गरेको एकतर्फ निर्णय पूर्वाग्रही रहेको चौधरीले आरोप लगाएका छन् ।

सो ज्ञापनपत्रमा विभिन्न ४३ वटा समाजिक, धार्मिक, जातिय संघसंस्थाका अध्यक्ष र प्रतिनिधिहरुले हस्ताक्षर गरेका छन् । उनीहरुले मारवाडी सेवा समिति काठमाण्डुमा महानगर पालिकाले गरिरहेको हस्तक्षेप तत्काल रोक्नु पर्ने माग गरेका छन् । जिल्ला अदालतको फैसलाको पूर्ण पाठ आएपछि उच्च अदालतमा मुद्दा गर्ने म्याद कायमै रहेको अवस्थामा पशुपति विकास कोष र काठमाण्डु महानगरपालिकाले गरेको हस्तक्षेपलाई सरकारले तत्काल रोक्नु पर्ने माग ज्ञापन पत्रमा गरिएको छ ।

देशभरि रहेका मारवाडी समुदाय सम्बद्ध संघसंस्थाहरुले गौशाला धर्मशालाको सञ्चालन मारवाडी सेवा समिति मार्फत नै गर्न हुन सरकारसँग माग गरिरहेका छन् । उनीहरुले काठमाण्डु महानगरपालिकाको मेयर बालेन साहलाई अगाडि सारेर द्वन्द निम्त्याउने दुष्प्रयास गरिएको अध्यक्ष चौधरीले बताए । 'सेवा, सुविधामा गुनासो भए त्यसलाई सुधार गर्न कोष लगायतले सुझाव दिने हो' उनले भने, मुनाफा रहित संस्थालाई पशुपति विकास कोषलेपनि सहयोग गर्नुपर्छ ।



# मिथिला क्षेत्रमा कोजाग्रत पूर्णिमा मनाउने आफ्नै चलन

अजयकुमार साह

असोज ३० गते, बर्दिवास



बुधवार कोजाग्रत पर्व मनाइँएको छ। कोजाग्रतमा विधिवतरुपमा महालक्ष्मीको पूजापाठ गर्दै यस वर्षको विजयादशमीको समापन गरिएको छ। महालक्ष्मीको पूजापाठ गर्दै कोजाग्रत पूर्णीमाका दिन रातभर जाग्राम रहने चलन छ। यद्यपि मिथिला क्षेत्रमा भने कोजाग्रत पूर्णमा मनाउने आफ्नै चलन छ।

मिथिला क्षेत्रमा कोजाग्रतलाई कोजगरा भन्ने गरिन्छ। यस दिन पान, मखान, फलफूल, दही र मिठाई महत्वपूणर् मानिन्छ।

मिथिलाको वणर्न गर्दै लोकप्रिय कवि सोमदेवले लेखेका छन्-

पग-पग पोखरी माछ मखान,<br>
सरस बोल मुस्की मुख पान,<br>
विद्या वैभव शान्तिक प्रतीक<br>
याहए हमर मिथिला थिक।

अर्थात्, 'जहाँ हरेक पाइला-पाइलामा माछा, मखान र पोखरी भेटिन्छ, जहाँ तपाईंलाई पान चपाउँदै, मुस्कुराउँदै गरेको अनुहार ले स्वागत गर्छ, त्यो नै मिथिला हो।'

पूजापाठका साथै यसै वर्ष विवाह भएका नवजोडीका लागि पनि यो दिन विशेष रहने गर्दछ। मिथिला क्षेत्रमा मंसिर, माघ, फागुन, जेठ र असार महिनासम्ममा विवाह भएका वरलाई बेहुली पक्षबाट बेहुलाको घरमा भार (कोसेली) पठाउने चलन छ।

भार (कोसेली) मा पान, मखान, फलफूल, दही, मिठाइ, सौंफ, मुमफली अनिवार्य नै हुन्छ भने बेहुला सहित उनको परिवारका हरेक महिला सदस्यका लागि कपडा पनि लग्नै पर्ने हुन्छ। बेहुलीको घरबाट बेहुलाको घरमा भार आएपछि बेहुलालाई चुमाउने गरिन्छ। अर्थात चुमाओन गरिन्छ। पुरोहितले मन्त्रोच्चार ण गर्दै बेहुलालाई चुमाएपछि ठूलाबडाले दुर्वाक्षत सहित आर्शिवाद दिने गर्छन्। यस दिन बेहुलाहरुलाई मिथिलाको पाग लगाइदिदैं ससुरालीबाट आउने कपडा पहिन्याउने गरिन्छ। बेहुलीकै घरबाट आउने डाला, धान, अक्षता, दही, केराजस्ता पूजा सामग्रीबाट बेहुलालाई चुमाउने गरिन्छ। बेहुलाको टाउकोदेखि खुट्टासम्मको पाँच प्रमुख स्थानलाई चुमाउने चलन छ। चुमाओन गरिनु भनेको एक मिसिमको आर्शिवाद दिनु हो। चुमाओन विधि सकिएपछि सामूहिक रुपमा भोजजस्तै खानपिनको आयोजना गरिन्छ। क्षमता हुनेले ठूलो भोजकै आयोजना गर्छन् यस दिन।

मिथिला संस्कृतिका जानकार एवं शास्त्री नविन प्रियदर्शीका अनुसार यस अवसरमा मिठाइ, मखान, पान बाँड्नैपर्ने हुन्छ। खानपिनपछि कौडा सहित पचिसी खेल्ने चलन छ। आठ कौडीहरू र सोह्र गोटीद्वारा पासाका चौसठ्ठी बेहुला र बेहुलीका दाजु वा भाईबीच खेलिन्छ।

बेहुली पक्षबाट यस दिन भारका साथै अन्य सामानहरु पनि दिने चलन छ। आभूषण, औंठी, छाता, घडी पनि बेहुला पक्षलाई बेहुली पक्षले दिनुपर्ने हुन्छ। यस दिन छोरीको विवाह गर्दा प्रतिबद्धता गरे अनुसारको बाँकी रहेका दाइजो पनि दिने चलन छ। यस दिन बेहुली पक्षबाट कम्तीमा पाँच जनादेखि ११ या १५ जनासम्म भार लिएर आउने गर्छन्। क्षमता हुनेले सय वटासम्म र नहुनेले कम्तीमा ११ वटासम्म भार पठाउनुपर्ने हुन्छ। छोरीको विवाह भएर विदाई गर्ने बेलामा दिइने कोसेली झैं कोजगरा पर्वमा पनि कोसेलीहरु दिइने गरिन्छ।

मिथिला संस्कृति अनुसार यसअघि मधुश्रावणीका दिन बेहुलाको घरबाट बेहुलीको घरमा भार पुर्‍याउनुपर्ने हुन्छ। शरद पूर्णीमाको चन्द्रमालाई पुनर्यौवन सम्पन्न चन्द्रमा मानिन्छ। यस दिनको ज्योत्स्नामा अमृत तत्वको वर्षा हुने विश्वास रहेको पण्डित इन्द्रकान्त झा बताउँछन्।

कोजागरा पर्वलाई जागृति पर्व पनि मानिएको छ। त्यसैले यस पर्वलाई विष्णुत्वको प्रतीकका रूपमा समाजले स्वीकार गरेको पाइन्छ। मैथिल संस्कृति अनुसार यो पर्व पारिवारको समृद्धि र सौभाग्यका लागि मनाइने जनविश्वास रहेकोछ।

पुरोहित लालबाबु झाका अनुसार मैथिली संस्कृतिमा कोजागर लाई निर्मल, धवल एवम् शीतल रातिका रूपमा प्रसिद्ध मानिएको छ। यस अवसरमा कुँवेर र इन्द्रको पूजा पनि गरिने प्रचलन छ।

मैथिल संस्कतिको एउटा प्रमुख अङ्ग रहेको सो पर्वमा परिवारका सदस्यले पान, मखान र मिठाई खाने तथा एक अर्कासँग प्रेमपूर्वक भेटघाट गर्ने चलन छ।

कोजागरामा टाढा टाढाबाट मानिसहरु रामजानकीलाई पान मखान चढाउन आउने गर्छन। मधेस प्रज्ञा प्रतिष्ठानका अध्यक्ष रामभर ोस कापडीका अनुसार यो पर्वमा भगवान विष्णुलाई स्मरण गरि न्छ। विष्णुको अवतार राम रहेका छन् त्यसैले जानकी मन्दिरमा र मिथिलाञ्चलमा ज्वाईलाई पनि विष्णुकै रुपमा लिने गरिन्छ।

जानकी मन्दिरमा उत्सव मनाइने

कोजगराका दिन जनकपुरधामस्थित जानकी मन्दिरमा उत्सव नै मनाइन्छ। यो उत्सवमा जानकी मन्दिरका महन्थले भगवान् राम र माता सीताको प्रतीकात्मक कोजागरा गर्ने गर्छन्।

गृहस्थ परिवारमा कोजागरा भोलि मनाइए पनि जनकपुरधामको प्रसिद्ध धार्मिक स्थल जानकी मन्दिरमा विहिवार मनाइने छ।उदया तिथिलाई जानकी मन्दिरले मान्ने गरेका कारण अन्यले मनाउने कोजागरा भन्दा एकदिन ढिलो जानकी मन्दिरमा मनाइने जानकार ी सो मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दास वैष्णवले दिए।

यस अवसरमा महोत्तरी जिल्लाको रतौलीका स्वर्गीय ब्रहमदेव ठाकुरको घरबाट प्रत्येक वर्ष जस्तै यसपाली जानकी मन्दिरमा पाहुर (कोसेली) ल्याइने छ। मन्दिरको पाहुरमा पान, मखान, लड्डु, खाजा, दही, चावल, दाल, तरकारीका अतिरिक्त रामजानकीको लुगा रहने गर्छ।

स्वर्गीय ब्रह्मदेव ठाकुरको घरबाट जानकी मन्दिरमा परम्परागत हिसाबले विहिवार विहान पाहुर ल्याइनेछ। स्व.ब्रहमदेव ठाकुर परि वारका नविन ठाकुरले वर्षोदेखिको परम्परालाई हामीले निरन्तरता दिएका छौं, जानकी मन्दिरको थिथि अनुसार नै पाहुर ल्याइनेछ। यो परम्परा १ सय ४० वर्षदेखि निरन्तर चल्दै आएको छ।

जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दास वैष्णवका अनुसार कोजागरा महोत्सवमा रामजानकीको चुमाओन (विशेष पूजा) गरिन्छ। जो दृश्य एकदमै आकर्षक हुने गरेको बताए।

त्यस्तै महोत्सवलाई अझ बढी आकर्षक बनाउनका लागि मन्दिर मा भजन कीर्तनको आयोजना गरिन्छ। प्रत्येक वर्ष उत्सवको बेला हास्य परिहास्यको कार्यक्रमको आयोजना समेत हुने गरेको महन्थ वैष्णव बताउनुहुन्छ। उहाँका अनुसार मिथिलामा जसरी मिथिलानीहरुले आफ्नो ज्वाइँका लागि भार पठाउने गर्दछन् त्यसर ी नै मन्दिरमा समेत भारमा मिथिलाको महत्पूणर् परिकारहरू आउने गर्दछ।




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,